**प्रकाशक**

नेपाल महिला संघ
केन्द्रीय कार्यालय
मंगलानगर, धापासी–६, काठमाडौं
टेलिफोन नं. ४३८७२१०
Email: nepalwomen@gmail.com
Internet Access: www.nwa.org.np

*नेपाल महिला संघको केन्द्रीय कार्यसमितिको बैठकद्वारा २०६९ आषाढ १० गते पारित भई नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट २०६९ माघ ७ गतेको निर्णयले २०६९ फागुन १७ गते प्रकाशित ।*

सहयोग रु २०/-

© नेपाल महिला संघ, केन्द्रीय कार्यालय

मुद्रक :
श्री चण्डेश्वरी प्रकाशन प्रा.लि. ।



# नेपाल महिला संघको विधान, २०५८

***(२०६४ र २०६९ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा)***

## प्रस्तावना

लोकतान्त्रिक मूल्य पद्धतिमा आधारित राज्य व्यवस्था स्थापनाका लागि महिला नेतृ श्रद्धेय स्वर्गीय मङ्गलादेवी सिंहको सक्रियतामा विक्रम संवत् २००४ सालमा स्थापित नेपाल महिला संघले लोकतन्त्रको स्थापना र पुनः स्थापनाकालागि गरेको संघर्षको गौरवमय इतिहासलाई स्मरण गर्दै,

नेपाल महिला संघमा योगदान पुऱ्याई राष्ट्रका लागि गरेको त्याग, तपस्या, वलिदान तथा हिंसात्मक द्वन्दको वेला समेत संघको सिद्धान्त र मुलुकमा स्थायी शान्तिका लागि जीवनको आहुती दिने ज्ञात, अज्ञात शहीदहरुको सहादतलाई सम्मान गर्दै,

सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा पिछडिएका महिला वर्गको बहुआयामिक हकहित संरक्षण र संवर्द्धन गर्दै राष्ट्रियता, लोकतन्त्र र समाजवादका आदर्श प्रति समर्पित रहँदै वहुलवाद सहितको बहुदलीय संघीय लोकतान्त्रिक गणतन्त्र सहितको लोकतन्त्र तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण गतिशिल, स्वतन्त्र, समुन्नत र समतामूलक समाजको सृजना गर्ने संकल्प गर्दै,

महिला वर्गको हकहित, अधिकारको संरक्षण र संवर्द्धन गर्ने काममा नेपाली महिलाहरूलाई एकताबद्ध, सुसङ्गठित तथा सक्षमताका साथ सञ्चालन गर्नका लागि नेपाली कांग्रेसको भातृ संस्थाको रुपमा नेपाल महिला संघको विधान, २०५८ लाई समसामयिक, व्यवहारिक र वैज्ञानिक बनाउन महिला नेतृ श्रद्धेय स्वर्गीय नोना कोइरालाको सक्रिय संरक्षकत्वमा २०५८ अश्विन १७ देखि १९ गते विराटनगरमा सम्पन्न नेपाल महिला संघको प्रथम र २०६४ वैशाख २७ देखि २९ गते बी.पी.स्मृति भवन, बी.पी. नगर, ललितपुरमा भएको दोस्रो महाधिवेशनले दोस्रो संशोधन सहित पारित गरी कार्यान्वयन भएको नेपाल महिला संघको विधान, २०५८ लाई ०६९ मा परिमार्जन र संशोधन सहित लागू गरिएको छ ।



Scanned with CamScanner

# परिच्छेद – १
## प्रारम्भिक

१. **नाम र प्रारम्भ :**
(१) यस विधानको नाम "नेपाल महिला संघको विधान २०५८" (२०६४ र २०६९ मा संशोधित र परिमार्जन गरिएको) रहनेछ ।
(२) यो विधान नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिबाट अनुमोदित भएपछि तत्काल प्रारम्भ हुनेछ ।
(३) नेपाल महिला संघ नेपाली कांग्रेसको भातृसंस्थाको रुपमा रहनेछ ।
(४) यस विधानको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।
(५) नेपाल महिला संघको सम्पूर्ण कार्य यसै विधानले तोके अनुसार हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-
(१) "संघ" भन्नाले नेपाल महिला संघलाई बुझाउनेछ ।
(२) "विधान" भन्नाले नेपाल महिला संघको विधान, २०५८ लाई बुझाउनेछ ।
(३) "कार्यसमिति" भन्नाले संघका केन्द्र, जिल्ला, क्षेत्र, नगर, नगर वडा, गाउँ र गाउँ वडा कार्यसमितिलाई बुझाउनेछ ।
(४) "क्षेत्र" भन्नाले गाउँ, नगर, जिल्ला, संसदीय निर्वाचन क्षेत्र र विकास क्षेत्र भन्ने बुझाउनेछ ।
(५) "केन्द्र" भन्नाले केन्द्रीय कार्यसमिति र संघको केन्द्रीय कार्यालयलाई समेत बुझाउनेछ ।
(६) "अधिवेशन" भन्नाले गाउँ, नगर, क्षेत्रीय, जिल्ला र केन्द्रीय अधिवेशनलाई बुझाउनेछ ।
(७) "सदस्य" भन्नाले यस विधान अनुसारका साधारण र क्रियाशील सदस्य सम्झनु पर्दछ ।
(८) "पदाधिकारी" भन्नाले संघका विभिन्न तहका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, सहसचिव, कोषाध्यक्षलाई जनाउनेछ ।
(९) "नियमावली" भन्नाले यस विधान वमोजिम केन्द्रीय समितिले बनाएको नियमावलीलाई बुझाउनेछ ।
(१०) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले नियमावलीमा उल्लेख भएको वा केन्द्रीय कार्यसमितिले निर्णय गरी परिपत्र जारी गरेकोलाई समेत बुझाउनेछ ।



३. **उद्देश्य** : नेपाल महिला संघको उद्देश्य देहाय वमोजिम हुनेछ :-
(१) राष्ट्रियता, लोकतन्त्र, समाजवाद र महिला एकताको आदर्श सिद्धान्तअनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, वहुलवादमा आधारित प्रतिस्पर्धात्मक वहुदलीय व्यवस्था तथा संसदीय शासन प्रणालीको माध्यमबाट नेपालमा न्यायपूर्ण, गतिशील तथा शान्तिपूर्ण समाजको निर्माण गर्ने ।
(२) महिला वर्गको विकास, समृद्धि र संरक्षणका लागि सदैव प्रयत्नशील रही सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक र आर्थिक हक हितको संवर्द्धन गर्ने ।
(३) समाजमा विद्यमान सामाजिक कुरीति, रुढिवादी संकुचित सोचाई, संस्कार र लैगिक असमानताको अन्त्य गर्दै समाजमा महिला वर्गको स्थान मर्यादित तुल्याउने ।
(४) महिला वर्गलाई आफ्नो अधिकार प्रति अझ बढी सचेत बनाउँदै राष्ट्र र समाजप्रति उत्तरदायी र कर्तव्यनिष्ठ बनाउने ।
(५) समान सिद्धान्त र विचारवाहक अन्तराष्ट्रिय संघ-संस्थासँग सम्वन्ध विकसित गर्ने ।
(६) लोकतन्त्रको सुदृढीकरण र वर्गीय हितका लागि नेपाली कांग्रेसको भातृसंस्थाको रुपमा कार्यरत रहने ।
(७) आधा धर्ती र आकाश ओगटेका महिला वर्गलाई राज्यका विभिन्न निकायहरुमा नीति निर्माण गर्ने तहमा कम्तिमा ५०% वा सो भन्दा बढी भन्दा बढी पुऱ्याउन पहल गर्ने ।
(८) देशभरि छरिएर रहेका विभिन्न पेशागत प्रवुद्ध लोकतन्त्रवादी प्रजातान्त्रिक महिलाहरुको नेतृत्व विकास, क्षमता अभिवृद्धि एवं वृत्ति विकासमा सहयोग गर्ने ।

# परिच्छेद – २
## सदस्यता

४. **सदस्यता र सदस्यताको दर्ता किताब :**
(१) नेपाल महिला संघमा सदस्यता दुई प्रकारको हुनेछ :-
(क) साधारण सदस्यता
(ख) क्रियाशील सदस्यता
(२) नेपाल महिला संघको विधान र उद्देश्य मानी यसको अनुशासन भित्र रही काम गर्न इच्छुक कुनै पनि १८ वर्ष पुगेकी नेपाली महिलाले रु. १० (दश) शुल्क बुझाई साधारण सदस्य बन्न सक्नेछ ।



Scanned with CamScanner

(३) साधारण सदस्यता प्राप्त गरेकाले सामान्यतया २ वर्ष संघको काम गरेको व्यक्तिले क्रियाशील सदस्यताका लागि आवेदन दिन सक्नेछन्। क्रियाशील सदस्यताका लागि परेका आवेदन उपर आवश्यक छानविन गरी सम्बन्धित गाउँ वा नगर वा नगर वडा कार्यसमितिले प्रस्तावित गरेको साधारण सदस्यलाई क्षेत्रीय कार्यसमितिको सिफारिशमा जिल्ला कार्यसमितिबाट अनुमोदन गराई केन्द्रीय कार्यसमितिबाट स्वीकृति प्रदान गरेपछि निर्धारित गरेको नियम र प्रक्रिया अनुसार रु. १०० (एक सय) शुल्क लिई क्रियाशील सदस्यता प्रदान गरिनेछ।

(४) गाउँ/वडा वा नगर/नगर वडा कार्यसमितिले संघको केन्द्रीय समितिले निर्धारित गरेको नियम र प्रक्रिया अनुसार साधारण सदस्यता प्रदान गर्ने र नवीकरण गर्ने गर्नुपर्नेछ।

(५) गाउँ, नगर, नगरवडा कार्यसमितिले प्रस्तावित गरेका क्रियाशील सदस्यलाई क्षेत्रीय कार्यसमितिले गरेको सिफारिशमा केन्द्रीय कार्यसमितिले निर्धारित गरेको नियम र प्रक्रिया अनुसार जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्नुपर्नेछ।

(६) संघका साधारण र क्रियाशील सदस्यहरूको नामावली र अद्यावधिक विवरण सहितको दर्ता किताब तथा संघ सम्बन्धित अन्य आवश्यक अभिलेख केन्द्रीय कार्यसमितिले तोकेबमोजिम राखिनेछ।

(७) क्रियाशील सदस्यता प्रदान गर्ने काम नियमित रुपमा रहिरहनेछ, तर जिल्ला अधिवेशनको मिति भन्दा सामान्यतयाः ६ महिना पहिलेसम्म सदस्यता प्राप्त गरेका वा सदस्यता नवीकरण गरेका व्यक्तिले मात्र निर्वाचनमा भाग लिन पाउनेछ।

(८) क्रियाशील सदस्यले आफ्नो सदस्यता देशको कुनै पनि गाउँ वा नगरको वडामा स्थानान्तरण गर्न र संघको निर्वाचनमा भाग लिन सक्नेछ। कुनै महिलाको बसाई सराई भएमा वा अविवाहित महिलाको विवाह भए पश्चात विवाह वा बसाई सराई भएको गाउँ, नगर वडामा निजले चाहेमा सदस्यता स्थानान्तरण गरिदिनु पर्नेछ, तर अन्य सदस्यको हकमा भने सदस्यता स्थानान्तरण हुन चाहेको गाउँ वा नगर वडा कार्यसमितिको सहमति भएमा मात्र स्थानान्तरण हुनसक्नेछ, तर संघको कुनै पनि तहको निर्वाचनको मिति भन्दा सामान्यतयाः ६ महिना अघि स्थानान्तरण नभएकाले निर्वाचनमा भाग लिन पाउने छैन।



## परिच्छेद - ३
## गाउँ, नगर, क्षेत्रीय र जिल्ला अधिवेशन र कार्यसमिति

**५. गाउँ अधिवेशन तथा गाउँ सम्मेलन र गाउँ कार्यसमितिको गठन :**

(१) **गाउँ अधिवेशन :**

(क) प्रत्येक गाउँ विकास समितिको क्षेत्रलाई गाउँ अधिवेशन तथा गाउँ सम्मेलनको क्षेत्र मानिनेछ।

(ख) गाउँ अधिवेशनले गाउँ कार्यमितिको गठन गर्नेछ।

(ग) गाउँ अधिवेशनको क्षेत्र भित्रका सबै क्रियाशील सदस्यहरू गाउँ अधिवेशनका सदस्य हुनेछन्।

(२) **गाउँ कार्यसमिति :**

(क) गाउँ अधिवेशनले क्रियाशील सदस्यमध्येबाट गाउँ कार्यसमितिका लागि अध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष र आठ जना सदस्यहरूको निर्वाचन गर्नेछ।

(ख) गाउँ अध्यक्षले कार्यसमितिका सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि एक उपाध्यक्ष, एक सचिव, एक सह सचिवको पदका लागि मनोनित गर्ने छ।

(ग) गाउँ अध्यक्षले क्रियाशील सदस्यहरूमध्येबाट गाउँ कार्यसमितिका लागि बढीमा सात जना सदस्यहरू मनोनित गर्नेछ। यसरी मनोनित गर्दा ९ वटै वार्डको प्रतिनिधित्व हुने गरीदलित/आदिवासी/जनजाति/मधेशी/मुस्लिम/अल्पसंख्यक/ पिछडिएको वर्गका महिलालाई प्राथमिकता साथ समावेश गर्नु पर्नेछ।

(घ) क्षेत्रीय प्रतिनिधिहरू गाउँ कार्यसमितिका पदेन सदस्य हुनेछन्।

(ङ) गाउँ कार्यसमितिको अध्यक्ष गाउँ अधिवेशन/गाउँ सम्मेलनको पनि अध्यक्ष हुनेछन्।

(च) गाउँ कार्यसमितिले आफू मातहतका सबै वडाहरुमा पदाधिकारी सहित कम्तिमा ७ सदस्यीय गाउँ वडा कार्यसमिति अनिवार्य रुपमा गठन गर्नेछ।

(३) **गाउँ कार्यसम्पादन समिति :**

(क) गाउँ कार्यसमितिले अध्यक्षको अध्यक्षतामा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी सिद्धान्तलाई ध्यानमा राखी बढीमा ९ जनाको गाउँ कार्य सम्पादन समिति गठन गर्नेछ।

(ख) गाउँ कार्यसमितिको बैठक नभएको बेला गाउँ कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ।



Scanned with CamScanner

(ग) कार्य सम्पादन समितिले गाउँ कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनको लागि प्रस्तुत गर्नेछ ।

(४) **क्षेत्रीय प्रतिनिधि :**
गाउँ अधिवेशनले क्रियाशील सदस्यमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा एक दलित, एक आदिवासी/जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक अपाङ्ग वा पिछडिएको वर्ग सहित ७ जना प्रतिनिधिको निर्वाचन गर्नेछ । महिला क्रियाशील सदस्यता १०० (एकसय) भन्दा वढी भएमा थप एक जना प्रतिनिधि चुनिनेछन् ।

## ६. नगर अधिवेशन/नगर सम्मेलन र नगर कार्यसमितिको गठन :

(१) **नगर अधिवेशन/नगर सम्मेलन र नगर कार्यसमितिको गठन देहायवमोजिम हुनेछ :**

(क) नगर अधिवेशन वा नगर सम्मेलन गठन गर्ने प्रयोजनका लागि नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकाको क्षेत्रलाई नगर अधिवेशन क्षेत्र मानिनेछ ।

(ख) नगर अधिवेशनको क्षेत्रभित्रका सवै क्रियाशील सदस्यहरू नगर अधिवेशनका सदस्य हुनेछन् ।

(ग) प्रत्येक नगर अधिवेशनले नगर कार्यसमितिको गठन गर्नेछ ।

(घ) नगर वडा कार्यसमितिका सदस्यहरू नगर अधिवेशन र नगर सम्मेलनका सदस्य हुनेछन् ।

(२) **नगर कार्यसमिति :**

(क) नगर अधिवेशनले क्रियाशील सदस्य मध्येबाट नगर कार्यसमितिका लागि अध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष र ८ जना सदस्यहरूको निर्वाचन गर्नेछ ।

(ख) नगर अध्यक्षले कार्यसमितिका सदस्यहरू मध्येबाट नगर कार्यसमितिका लागि एक उपाध्यक्ष, एक सचिव एक सहसचिव पदका लागि मनोनित गर्नेछ ।

(ग) नगर अध्यक्षले क्रियाशील सदस्यहरूमध्येबाट नगर कार्यसमितिका लागि वढीमा सातजना सदस्यहरू मनोनित गर्नेछ । यसरी मनोनित गर्दा भौगोलिक सन्तुलन कायम हुने गरी दलित, आदिवासी, जनजाति, मधेशी/ मुस्लिम/ अल्पसंख्यक/पिछडिएको वर्गको महिलालाई पनि प्रतिनिधित्व गराउनु पर्नेछ ।

(घ) नगर वडा अध्यक्षहरू नगर कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(ङ) नगर कार्यसमितिको अध्यक्ष नगर अधिवेशन/सम्मेलनको पनि अध्यक्ष हुनेछ ।



(३) **नगर कार्यसम्पादन समिति :**

(क) नगर कार्यसमितिले अध्यक्षको अध्यक्षतामा उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी वढीमा १७ जनासम्मको नगर कार्यसम्पादन समिति गठन गर्नेछ ।

(ख) नगर कार्यसमितिको वैठक नभएको बेला नगर कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्य सम्पादन समितिले गर्नेछ ।

(ग) कार्यसम्पादन समितिले नगर कार्यसमितिको बैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

(४) **नगर क्षेत्रबाट क्षेत्रीय प्रतिनिधि :**

(क) महानगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरू मध्येबाट क्षेत्रीय अधिवेशनका लागि एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित ७ जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर वडामा क्रियाशील सदस्यता संख्या एकसय भन्दा वढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

(ख) उपमहानगरपालिकाबाट देहायवमोजिम क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित हुनेछन्:-

(अ) उप-महानगरपालिकाका प्रत्येक वडामा क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरू मध्येबाट क्षेत्रीय अधिवेशनका लागि चार जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर वडामा क्रियाशील सदस्य संख्या एकसय भन्दा वढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

(आ) उप-महानगरपालिका नगर अधिवेशनका सम्पूर्ण क्रियाशील सदस्यहरूले दलित क्रियाशील सदस्यहरूमध्येबाट दुई जना, आदिवासी जनजाति क्रियाशील सदस्यहरूमध्येबाट दुई जना, मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गका क्रियाशील सदस्यहरू मध्येबाट दुई जना समेत गरी ६ जना क्षेत्रीय प्रतिनिधिहरु निर्वाचित गर्नेछन् ।

तर, उपमहानगरपालिकाका वडाहरू दुई वा सोभन्दा वढी निर्वाचन क्षेत्रमा परेका भए सम्वन्धित निर्वाचन क्षेत्रका नगर वडाहरूका सम्पूर्ण क्रियाशील सदस्यहरूले दलित क्रियाशील सदस्यमध्येबाट एक जना, आदिवासी



Scanned with CamScanner

जनजाति क्रियाशील सदस्यहरूमध्ये बाट एक जना, मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गका क्रियाशील सदस्यहरू मध्येबाट एक जना समेत गरी ३ जना क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित गर्नेछन् ।

(ग) नगरपालिकाबाट देहाय बमोजिम क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित हुनेछन् :

(अ) नगरपालिकाका प्रत्येक वडाका क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरूमध्येबाट क्षेत्रीय अधिवेशनका लागि तीन जना प्रतिनिधिहरू निर्वाचित गर्नेछन् । तर क्रियाशील सदस्य संख्या एक सय भन्दा वढी भएमा अन्य एक जना थप प्रतिनिधि निर्वाचित हुनेछन् ।

(आ) नगरपालिकाका नगर अधिवेशनका सम्पूर्ण क्रियाशील सदस्यहरूले दलित क्रियाशील सदस्यहरू मध्येबाट २ जना, आदिवासी जनजाति क्रियाशील सदस्यहरू मध्येबाट २ जना, मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गका क्रियाशील सदस्यहरूमध्येबाट २ जना समेत गरी ६ जना क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित गर्नेछन् ।

तर, नगरपालिकाका वडाहरू २ वा सो भन्दा वढी निर्वाचन क्षेत्रमा परेका भए सम्बन्धित निर्वाचन क्षेत्रका नगर वडाहरूका सम्पूर्ण क्रियाशील सदस्यहरूले दलित क्रियाशील सदस्यहरूमध्येबाट १ जना, आदिवासी जनजाति क्रियाशील सदस्यहरूमध्येबाट १ जना, मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गका क्रियाशील सदस्यहरूमध्येबाट १ जना समेत गरी ३ जना क्षेत्रीय प्रतिनिधिहरू निर्वाचित गर्नेछन् ।

(५) नगर वडा कार्यसमिति :

(क) प्रत्येक नगर वडाका क्रियाशील सदस्यहरूले क्रियाशील सदस्यहरू मध्येबाट नगर वडा अध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष र आठ जना सदस्यहरूको निर्वाचन गर्नेछन् ।

(ख) नगर वडा अध्यक्षले सदस्यहरू मध्येबाट नगर वडा कार्यसमितिका लागि एक उपाध्यक्ष, एक सचिव, एक सहसचिव पदका लागि मनोनित गर्नेछ ।

(ग) नगर वडा अध्यक्षले क्रियाशील सदस्यहरू मध्येबाट नगर वडा कार्यसमितिका लागि वढीमा सात जना सदस्यहरू मनोनित गर्नेछ । यसरी मनोनित गर्दा भौगोलिक सन्तुलन कायम हुने गरी



दलित, आदिवासी जनजाति, मधेशी/मुस्लिम/अल्पसंख्यक/पिछडिएको वर्गका महिलालाई पनि प्रतिनिधित्व गराउनु पर्नेछ ।

(घ) निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू कार्यसमितिका पदेन सदस्यहरू हुनेछन् ।

(ङ) नगर वडा कार्यसमितिको अध्यक्ष नगर वडा अधिवेशन/नगरवडा सम्मेलनको पनि अध्यक्ष हुनेछ ।

(६) नगर वडा कार्यसम्पादन समिति :

(क) नगर वडा कार्यसमितिले अध्यक्षको अध्यक्षतामा उपाध्यक्ष, सचिव, कोषाध्याक्ष र सह सचिव सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी वढीमा ९ जनासम्मको नगर वडा कार्यसम्पादन समिति गठन गर्नेछ ।

(ख) नगर वडा कार्यसमितिको वैठक नभएको बेला नगर वडा कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्य सम्पादन समितिले गर्नेछ ।

(ग) कार्यसम्पादन समितिले नगर वडा कार्यसमितिको वैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।

## ७. गाउँ, नगर वडा वा नगर अधिवेशन तथा कार्यसमितिको काम, कर्तव्य र अधिकार :

(१) गाउँ, नगर वडा वा नगर अधिवेशनले संगठन सम्बन्धित कामका साथै गाउँ, नगर वडा वा नगर कार्यसमितिले प्रस्तुत गरेको प्रतिवेदन उपर र समसामयिक विषयमा छलफल गरी आवश्यक मूल्याङ्कन र निर्णय गरी गाउँ, नगर वडा र नगर कार्यसमितिलाई आवश्यक निर्देशन दिनेछ ।

(२) गाउँ, नगर वडा वा नगर कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) गाउँ, नगर वडा वा नगर अधिवेशनद्वारा पारित गरिएका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।

(ख) संघको माथिल्लो निकायको निर्देशन पालना गर्ने र कार्यक्रमलाई कार्यान्वयन गर्ने गराउने ।

(ग) गाउँ/नगर स्तरका नेपाली कांग्रेसका समिति र नेपाली कांग्रेससँग सम्बद्ध अन्य भातृ संस्थाहरूसँग समन्वय राखी परस्पर सहयोग पुऱ्याउने ।

(घ) महिला माथि हुने कुनै प्रकारको हिंसा, भेदभाव, छुवाछुत आदि बारे जनचेतना जगाउनुको साथै आर्थिक र सामाजिक दृष्टिले पछाडि परेका वर्गको हक हित र संरक्षणमा क्रियाशील रहने ।



Scanned with CamScanner

(ङ) जुवा, धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन जस्ता सामाजिक विकृतिका विरुद्ध जनचेतना जगाउने ।
(च) आवश्यकता अनुसार भेला, प्रशिक्षण, गोष्ठी, अनुगमन, तालिम जस्ता कार्यक्रम सञ्चालन गर्ने ।
(छ) स्थानीय जनताका आवश्यकता र समस्याहरूको समाधानका लागि सक्रिय रुपले सहयोगात्मक भूमिका निर्वाह गर्ने ।
(ज) नेपाली कांग्रेसको कार्यक्रममा सक्रिय सहभागी बन्ने ।
(झ) गाउँ, नगर वडा वा नगर कार्यसमितिको बैठक महिनामा एक पटक बस्नेछ ।

(३) गाउँ नगर वडा र नगर कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

८. **क्षेत्रीय अधिवेशन, महाधिवेशन प्रतिनिधि, क्षेत्रीय कार्यसमितिको गठन :**

(१) **क्षेत्रीय अधिवेशन** :- संसदीय निर्वाचन क्षेत्र भित्रका प्रत्येक गाउँ र क्षेत्र भित्र परेको नगर वडा अधिवेशनबाट निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ कार्यसमिति, नगर वडा र नगर कार्यसमितिका अध्यक्षहरू, सो क्षेत्रका महिला सांसद एवं संविधानसभा सदस्य, सो क्षेत्रमा रहेका संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट प्रत्यक्ष एवं समानुपातिक महिला उम्मेदवार भएका व्यक्ति तथा सो क्षेत्रमा रहेका संघको केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू मिलेर संघको क्षेत्रीय अधिवेशन बन्नेछ ।

(२) **क्षेत्रीय कार्यसमिति** :- क्षेत्रीय कार्यसमितिको गठन देहाय वमोजिम हुनेछ :
(क) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट अध्यक्ष, एक सचिव, एक कोषाध्यक्षको, निर्वाचन गर्नेछ ।
(ख) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट क्षेत्रीय कार्यसमितिका लागि ८ जना सदस्यहरू निर्वाचन गर्नेछ ।
(ग) क्षेत्रीय अध्यक्षले कार्यसमितिका सदस्यहरूमध्येबाट कार्यसमितिका लागि एक उपाध्यक्ष, एक सचिव र एक सहसचिवको पदका लागि मनोनित गर्नेछ ।
(घ) क्षेत्रीय अध्यक्षले क्षेत्रीय प्रतिनिधिमध्येबाट क्षेत्रीय कार्यसमितिका लागि वढीमा ८ जना सदस्यहरू मनोनित गर्नेछ ।
(ङ) महाधिवेशनका प्रतिनिधिहरू क्षेत्रीय कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

(३) **क्षेत्रीय कार्यसम्पादन समिति**:- क्षेत्रीय कार्यसम्पादन समितिको गठन देहायबमोजिम हुनेछ ।



(क) क्षेत्रीय कार्यसमितिले अध्यक्षको अध्यक्षतामा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी वढीमा १७ जनासम्मको क्षेत्रीय कार्यसम्पादन समिति गठन गर्नेछ ।
(ख) क्षेत्रीय कार्यसमितिको वैठक नभएको वेला क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्य सम्पादन समितिले गर्नेछ ।
(ग) कार्य सम्पादन समितिले क्षेत्रीय कार्यसमितिको वैठकमा आफ्ना निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ ।
(घ) पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने महिला सांसद/संविधान सभा सदस्य तथा संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार बनेका प्रत्यक्ष तथा समानुपातिक महिला व्यक्तिहरू सो क्षेत्रको क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको पदेन सदस्य रहनेछन् । यस्तो सदस्यलाई निर्वाचनमा भाग लिन र मतदानको अधिकार पनि हुनेछ ।
(ङ) क्षेत्रीय कार्यसमितिको अध्यक्ष क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलनको पनि अध्यक्ष हुनेछ ।
(च) क्षेत्रीय कार्यसमितिले प्रत्येक वर्ष क्षेत्रीय सम्मेलन गर्नु पर्नेछ । क्षेत्रीय अधिवेशनका सदस्यहरू क्षेत्रीय सम्मेलनका पनि सदस्य हुनेछन् ।

(४) **महाधिवेशन प्रतिनिधि :**
(१) क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट महाधिवेशनका लागि एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित ८ जना प्रतिनिधि निर्वाचन गर्नेछ ।
(२) क्षेत्रीय अध्यक्ष महाधिवेशनका पदेन प्रतिनिधि सरह अधिकार हुनेछ ।

९. **क्षेत्रीय अधिवेशन तथा क्षेत्रीय सम्मेलन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार** : क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) क्षेत्रीय अधिवेशन/क्षेत्रीय सम्मेलन वर्षमा कम्तिमा एक पटक वसी क्षेत्रीय कार्यसमितिको मूल्याङ्कन गरी निर्देशन दिने ।
(२) क्षेत्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :
(क) क्षेत्रीय कार्यसमितिको वैठक महिनामा एक पटक वस्नेछ ।
(ख) जिल्ला कार्यसमिति र गाउँ, नगर वडा तथा नगर कार्यसमितिका बीच समन्वय राख्ने ।



Scanned with CamScanner

(ग) गाउँ, नगर वडा तथा नगर कार्यसमितिका वीच सम्पर्क र समन्वय राखी संगठन विस्तार र सुदृढीकरण गर्ने साथै आवश्यक सहयोग र निर्देशन दिने ।

(घ) केन्द्रीय समिति तथा जिल्ला कार्यसमितिको निर्देशन पालना गर्ने र केन्द्रले तोकेको कार्यक्रम संचालन गर्ने ।

(ङ) नेपाली कांग्रेसको उद्देश्य, नीति, कार्यक्रम र घोषणापत्रको प्रचार प्रसार गर्ने गराउने ।

(च) महिला हकहित सम्बन्धि कार्यका लागि गोष्ठी, प्रशिक्षण, छलफल, तालिम आदि विविध बौद्धिक तथा रचनात्मक कार्य गर्ने गराउने ।

(छ) आ-आफ्नो क्षेत्रको राजनीतिक परिस्थिति, संघको गाउँस्तर र नगरस्तरमा भएका कृयाकलाप र अन्य आवश्यक विषयहरूमा जिल्ला कार्यसमितिमा पनि बार्षिक प्रतिवेदन पठाउने ।

(ज) क्षेत्रीय अधिवेशनबाट पारित राजनीतिक, आर्थिक विवरण जिल्ला कार्यसमितिमा पठाउने ।

(झ) आवश्यकता अनुसार संघ अन्तरगत रहने गरी विभिन्न उप समितिहरू गठन गर्न सक्नेछन् ।

(३) क्षेत्रीय कार्यसमितिको अध्यक्षको काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

१०. **जिल्ला अधिवेशन र जिल्ला कार्यसमितिको गठन :**

(१) **जिल्ला अधिवेशनको गठन :** जिल्ला भित्रको प्रत्येक क्षेत्रीय अधिवेशनका लागि निर्वाचित क्षेत्रीय प्रतिनिधिहरू तथा गाउँ, नगर, नगरवडाका कार्यसमितिका अध्यक्षहरू, जिल्लाका महिला सांसद एवं संविधानसभा सदस्य र सो जिल्लामा रहेका संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट प्रत्यक्ष एवं समानुपातिकमा महिला उम्मेदवार भएका व्यक्ति तथा सो जिल्लामा रहेका संघको केन्द्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू जिल्ला अधिवेशनको सदस्य हुने गरी जिल्ला अधिवेशनको गठन हुनेछ ।

(२) **जिल्ला कार्यसमितिको पदाधिकारीको निर्वाचन देहायवमोजिम हुनेछ :**

(क) जिल्ला अधिवेशनले सामान्यतयाः ३ वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशनका प्रतिनिधिहरूबाट जिल्ला कार्यसमितिका लागि एकजना अध्यक्षको निर्वाचन गर्नेछ। निर्वाचनमा वहुमत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(ख) जिल्ला अधिवेशनले सामान्यतयाः २ वर्ष निरन्तर क्रियाशील सदस्य भएका जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट जिल्ला कार्यसमितिका लागि एक सचिव र एक कोषाध्यक्षको निर्वाचन गर्ने छ। सचिव र कोषाध्यक्ष पदको निर्वाचनमा पनि वढीमत ल्याउने उम्मेदवार विजयी हुनेछ ।



(ग) जिल्ला अध्यक्षले कार्यसमितिका सदस्यहरूमध्येबाट कार्यसमितिका लागि एक उपाध्यक्ष, एक सचिव र एक सहसचिवको पदका लागि मनोनित गर्नेछ ।

(३) **जिल्ला कार्यसमितिका सदस्यहरूको निर्वाचन :**

**(क) एक निर्वाचन क्षेत्र भएको जिल्ला :**

(अ) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनका सदस्यहरूले आफूमध्येबाट एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित जिल्ला कार्यसमितिको सदस्यका लागि ७ जना निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अध्यक्षले जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट वढीमा ५ जनालाई जिल्ला कार्यसमितिको सदस्यमा मनोनित गर्नेछ ।

(इ) महाधिवेशन प्रतिनिधिहरू जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन् ।

**(ख) दुई निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) दुई निर्वाचन भएका क्षेत्रका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूमध्येबाट कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएका वर्ग सहित ७ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि दुई क्षेत्रबाट १४ जना सदस्य निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अधिवेशनका सदस्यहरू मध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि वढीमा ५ जना सदस्य मनोनित गर्नेछ ।

**(ग) तीन निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) तीन निर्वाचन भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्ग सहित ६ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि तीन क्षेत्रबाट १८ जना सदस्य निर्वाचित गर्नेछन् ।



Scanned with CamScanner

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा ७ जना सदस्य मनोनित गर्नेछ ।

**(घ) चार निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) चार निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट ५ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि ४ क्षेत्रबाट २० जना सदस्य निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा ८ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नुपर्ने छ ।

**(ङ) पाँच निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) पाँच निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट ५ जना निर्वाचन हुनेगरी जिल्ला कार्यसमितिका सदस्यका लागि ५ क्षेत्रबाट २५ जना सदस्य निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा १० जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा एक दलित, एक आदिवासी जनजाति, एक मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

**(च) छ निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) ६ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफू मध्येबाट ५ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि ६ क्षेत्रबाट ३० जना सदस्य निर्वाचित गर्नेछन् ।



(आ) जिल्ला अधिवेशनका सदस्यमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिको लागि बढीमा १२ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा २ दलित, २ आदिवासी जनजाती, दुई मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नुपर्नेछ ।

**(छ) सात निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) ७ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट ५ जना निर्वाचन हुनेगरी जिल्ला कार्यसमितिका सदस्यका लागि सात क्षेत्रबाट ३५ जना सदस्य निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्नेगरी जल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा १४ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा २ दलित, २ आदिवासी जनजाति, २ मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

**(ज) आठ निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) आठ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरूमध्येबाट ५ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि आठ क्षेत्रबाट ४० जना सदस्य निर्वाचित गर्नेछन् ।

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट बढीमा २ जना पर्ने गरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा १६ जना सदस्य मनोनित गर्नेछ । यसरी मनोनित गर्दा कम्तिमा २ दलित, २ आदिवासी जनजाति, २ मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ ।

**(झ) नौ निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) नौ निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफू मध्येबाट ५ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि ९ क्षेत्रबाट ४५ जना सदस्य निर्वाचित गर्नेछन् ।



Scanned with CamScanner

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट वढीमा २ जना पर्नेगरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा १८ जना सदस्य मनोनित गर्नेछ। यसरी मनोनित गर्दा कम्तिमा ३ दलित, ३ आदिवासी जनजाति, ३ मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नु पर्नेछ।

**(ञ) दश निर्वाचन क्षेत्र भएका जिल्ला :**

(अ) दश निर्वाचन क्षेत्र भएका जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनका सदस्यहरूले आफूहरू मध्येबाट ५ जना निर्वाचन हुने गरी जिल्ला कार्यसमितिका सदस्यका लागि १० क्षेत्रबाट ५० जना सदस्य निर्वाचित गर्नेछन्।

(आ) जिल्ला अधिवेशनका सदस्यहरूमध्येबाट प्रत्येक क्षेत्रबाट वढीमा २ जना पर्नेगरी जिल्ला अध्यक्षले जिल्ला कार्यसमितिका लागि बढीमा २० जना सदस्य मनोनित गर्नेछ। यसरी मनोनित गर्दा कम्तिमा ३ दलित, ३ आदिवासी जनजाति, ३ मधेशी वा मुस्लिम वा अल्पसंख्यक वा पिछडिएको वर्गबाट मनोनित गर्नुपर्नेछ।

(ट) क्षेत्रीय अध्यक्षहरू जिल्ला कार्यसमितिका पदेन सदस्य हुनेछन्।

**(४) जिल्ला सम्मेलनको गठन देहाय वमोजिम हुनेछ :**

(क) गाउँ कार्यसमितिका अध्यक्षहरू।

(ख) नगरवडा कार्यसमितिका अध्यक्षहरू।

(ग) नगर कार्यसमितिका अध्यक्षहरू।

(घ) क्षेत्रीय कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव।

(ङ) महाधिवेशनका प्रतिनिधिहरू।

(च) जिल्ला कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू।

(५) **यस विधानमा अन्यत्र जे सुकै लेखिएको भएपनि** एकमात्र संसदीय निर्वाचन क्षेत्र भएको जिल्लामा क्षेत्रीय अधिवेशन र क्षेत्रीय कार्यसमिति हुने छैन। एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कार्यसमितिको अध्यक्षको निर्वाचनमा सामान्यतया ३ वर्ष निरन्तर क्रियाशील सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन्। सचिव र कोषाध्यक्षमा सामान्यतया: २ वर्ष निरन्तर क्रियाशील सदस्य भएका क्षेत्रीय प्रतिनिधिहरू उम्मेदवार हुन सक्नेछन्। जिल्ला अध्यक्ष महाधिवेशनका पदेन प्रतिनिधि हुनेछ र



निजलाई महाधिवेशन प्रतिनिधि सरह अधिकार हुनेछ। त्यस्तो जिल्लामा जिल्ला अधिवेशन, जिल्ला सम्मेलन, जिल्ला कार्यसमिति र जिल्ला कार्यसम्पादन समिति मात्र हुनेछ।

**(६) जिल्ला कार्यसम्पादन समिति :**

(क) जिल्ला अध्यक्षको अध्यक्षतामा उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव सहित समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी कार्यसमितिले बढीमा १७ जनासम्मको जिल्ला कार्यसम्पादन समिति गठन गर्नेछ।

(ख) जिल्ला कार्यसमितिको बैठक नभएको बेला जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार कार्यसम्पादन समितिले गर्नेछ।

(ग) कार्यसम्पादन समितिले जिल्ला कार्यसमितिको बैठकमा आफ्नो निर्णय अनुमोदनका लागि प्रस्तुत गर्नेछ।

## ११. जिल्ला अधिवेशन, जिल्ला सम्मेलन र जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार :

(१) जिल्ला अधिवेशन र जिल्ला सम्मेलनको वैठकले जिल्लाको संगठन र कार्यसमितिको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र केन्द्रमा प्रतिवेदन पठाउने। यसरी प्रतिवेदन पठाउँदा महाधिवेशनका प्रतिनिधिहरूले दिएको प्रतिवेदनका प्रमुख बुँदाहरू समेत उल्लेख हुनु अनिवार्य हुनेछ।

(२) जिल्ला सम्मेलनले एउटा जिल्ला अधिवेशन भई अर्को जिल्ला अधिवेशन प्रारम्भ नहुँदाको अवस्थामा निर्वाचन वाहेक जिल्ला अधिवेशनको सबै कार्य गर्नेछ। जिल्ला सम्मेलन वर्षमा एक पटक हुनेछ तर जिल्ला अधिवेशन हुने वर्षमा जिल्ला सम्मेलन बस्ने छैन। जिल्ला कार्यसमितिले आवश्यक ठानेका अवस्थामा जिल्ला सम्मेलनको वैठक बोलाउन सक्नेछ।

(३) जिल्ला कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) जिल्ला कार्यसमितिको वैठक साधारणतया महिनामा एक पटक र वढीमा आवश्यकता अनुसार वस्नेछ।

(ख) जिल्ला अधिवेशनले गरेका निर्णय र निर्देशनहरूको कार्यान्वयन गर्ने गराउने।

(ग) गाउँ, नगर, क्षेत्रीय कार्यसमितिहरू वीच समन्वय कायम गर्ने, आवश्यक सहयोग र निर्देशन दिने।

(घ) केन्द्रका निर्णय र निर्देशनहरूको पालना गर्ने गराउने।

(ङ) आफ्नो जिल्लामा महाधिवेशन हुने भएमा त्यसको व्यवस्थापन गर्ने।



Scanned with CamScanner

(च) संघको उद्देश्य, नीति, कार्यक्रम, साथै नेपाली कांग्रेसको उद्देश्य, नीति, कार्यक्रम, घोषणा पत्र आदि बारे व्यापक प्रचार प्रसार गर्ने गराउने ।

(छ) समय समयमा गोष्ठी, प्रशिक्षण, शिविर, प्रदर्शनी र भ्रमण आदिको आयोजना गर्ने ।

(ज) नेपाली कांग्रेस र नेपाल महिला संघको महत्वपूर्ण अवसरमा रक्तदान, वृक्षारोपण, खेलकूद, सरसफाई, सांस्कृतिक कार्यक्रम आदि जस्ता विभिन्न सामाजिक तथा रचनात्मक कामको आयोजना गर्ने गराउने ।

(झ) महिला हकहितको संरक्षण एवं सम्वर्द्धन गर्न तथा आर्थिक सामाजिक रुपबाट आत्मनिर्भर र स्वावलम्वन बनाउनका साथै महिला सशक्तिकरण सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(४) जिल्ला कार्यसमितिले आवश्यकता अनुसार विभिन्न समितिहरू गठन गर्न गराउन सक्नेछ ।

(५) जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) संघको माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ख) जिल्ला कार्यसमितिको गठन गर्ने, कार्य विभाजन गर्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।

(ग) तल्लो निकायलाई नीति निर्देशन दिने र कार्यान्वयन गर्ने गराउने ।

(घ) अन्य काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

(६) जिल्ला समितिको काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

## परिच्छेद -४
## महाधिवेशन

१२. **महाधिवेशनको गठन :**

(१) महाधिवेशन संघको सर्वोच्च अधिकार सम्पन्न निकाय हुनेछ ।

(२) महाधिवेशनको गठन देहायवमोजिम हुनेछ ।

(क) एक निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला अधिवेशनद्वारा निर्वाचित जिल्ला अध्यक्ष सहित ९ जना प्रतिनिधिहरू, दुई वा सो भन्दा वढी निर्वाचन क्षेत्र भएको जिल्लामा प्रत्येक क्षेत्रीय अधिवेशनद्वारा निर्वाचित क्षेत्रीय अध्यक्ष सहित ९।९ जना प्रतिनिधिहरू ।



(ख) यो विधान लाग भएपछि केन्द्रीय अध्यक्ष, उपाध्यक्ष, महासचिव,कोषाध्यक्ष, सचिव र केन्द्रीय सदस्यहरू एक अवधिका लागि महाधिवेशन प्रतिनिधि ।

(ग) केन्द्रीय अध्यक्षले क्रियाशील सदस्यहरूमध्येबाट मनोनित गरेका वढीमा १० जना सदस्यहरू । यसरी मनोनित गर्दा दलित, आदिवासी/जनजाति, मधेशी/ मुस्लिम/अल्पसंख्यक/पिछडिएको वर्ग तथा क्षेत्रीय सन्तुलन मिलाएर प्रतिनिधित्व गराउनु पर्नेछ ।

(३) केन्द्रीय अध्यक्ष र महासचिव महाधिवेशनको अध्यक्ष र महासचिव रहनेछन् ।

१३. **महाधिवेशनको काम, कर्तव्य र अधिकार :**

(१) महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(क) महाधिवेशनले सामान्यतया १० वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय अध्यक्षको निर्वाचन गर्नेछ । निर्वाचनमा वहुमत ल्याउने उम्मेदवार विजयी हुनेछ ।

(ख) महाधिवेशनले सामान्यतयाः ५ वर्ष निरन्तर क्रियाशील सदस्य रहेको महाधिवेशन प्रतिनिधिहरूबाट यस विधानमा तोकिएवमोजिम केन्द्रीय कार्यसमितिको पदाधिकारी र सदस्यहरुको निर्वाचन गर्नेछ ।

(ग) केन्द्रीय कार्यसमितिद्वारा प्रस्तुत गरिएको प्रतिवेदन र अन्य विषयमा छलफल गरी निर्णय गर्ने ।

(घ) विधान संसोधन गर्ने ।

(ङ) दीर्घकालिन महत्वका राष्ट्रिय तथा अन्तराष्ट्रिय सवालहरूमा संघको नीति निर्माण गर्ने ।

(२) महाधिवेशनले आफ्नो अधिकार केन्द्रीय कार्यसमिति र केन्द्रीय अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **महाधिवेशनको कार्यविधि :**

(१) संघको महाधिवेशन केन्द्रीय कार्यसमितिले तोकेको मिति र स्थानमा सामान्यतया प्रत्येक ४ वर्षमा हुनेछ ।

(२) केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा महाधिवेशनका ४० प्रतिशत सदस्यहरुले महाधिवेशनको वैठक वोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिना भित्रमा विशेष महाधिवेशन बोलाउनु पर्नेछ ।

(३) महाधिवेशनको १५ दिन अगाडि महाधिवेशनका प्रतिनिधिहरुले आ-आफ्नो जिल्ला मार्फत महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव केन्द्रमा वुझाउनु पर्नेछ ।



Scanned with CamScanner

# परिच्छेद -५
# केन्द्रीय कार्यसमिति

१५. **केन्द्रीय कार्यसमितिको गठन :**

केन्द्रीय कार्यसमिति पदाधिकारी सहित बढीमा ५१ सदस्यीय हुनेछ। केन्द्रीय कार्यसमितिको गठन देहायवमोजिम हुनेछ :

(१) महाधिवेशन प्रतिनिधिहरुले सामान्यतया १० वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरुमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका अध्यक्ष।

(२) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका केन्द्रीय कार्यसमितिका एक महासचिव र एक कोषाध्यक्ष।

(३) केन्द्रीय अध्यक्षले कार्यसमितिका सदस्यहरू मध्येबाट कार्यसमितिका लागि एक उपाध्यक्ष, एक महासचिव र एक सचिव मनोनित गर्नेछ।

(४) महाधिवेशनका प्रतिनिधिहरूले समान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका १५ जना सदस्य।

(५) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका प्रत्येक अञ्चल महाधिवेशन प्रतिनिधिहरूमध्येबाट १/१ जना रहने गरी निर्वाचित गरेका १४ जना सदस्य।

(६) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका दलित महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका ३ जना सदस्य।

(७) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका आदिवासी/जनजाति महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित गरेका ३ जना सदस्यहरू।

(८) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका मधेशी महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित ३ जना सहस्यहरू।

(९) महाधिवेशनका प्रतिनिधिहरूले सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका मुस्लिम महाधिवेशन प्रतिनिधिहरूमध्येबाट निर्वाचित एक जना सदस्य।

(१०) सामान्यतया ५ वर्ष निरन्तर क्रियाशील सदस्य भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट केन्द्रीय अध्यक्षले मनोनित गरेका बढीमा ९ जना सदस्य।



१६. **केन्द्रीय कार्यसमितिको काम, कर्तब्य र अधिकार :** केन्द्रीय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :

(१) महाधिवेशनबाट पारित भएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र अनुगमन गर्ने।

(२) महाधिवेशनको वैठक नभएको वेला संघसँग सम्वन्धित विषयमा निर्णय गर्ने र पछि हुने महाधिवेशनबाट अनुमोदन गराउने।

(३) महाधिवेशनमा विभिन्न प्रस्तावहरू तथा प्रतिवेदन पेश गर्ने।

(४) संघको आचार संहिता पालन गराउने र अनुशासन कायम राख्ने

(५) आवश्यकता अनुसार आयोग, समिति, उपसमिति, कार्यदल आदि गठन गर्ने त्यसको कार्यक्षेत्र निर्धारण गर्ने र प्राप्त प्रतिवेदनहरूको आवश्यक मूल्याङ्कन गरी कार्यान्वयन गर्ने।

(६) महाधिवेशनबाट पारित नीति, कार्यक्रम र घोषणा पत्र नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिलाई उपलव्ध गराउने।

(७) संघको केन्द्रीय कार्यसमितिले संघको विधान उद्देश्य विपरितको काम कारवाही गरेमा आफ्नो मातहतको निकायलाई महिला विभागसंग सहमति लिई भङ्ग गर्न सक्नेछ।

(८) संघका सदस्यहरूले संघको विधान, नीति, नियम वा निर्देशन उल्लङ्घन गरेमा त्यस्ता सदस्यहरूलाई सदस्यताबाट निलम्वन र निष्काशन गर्न सक्नेछ तर निष्काशन पूर्व निजलाई सफाइको मौका दिइनेछ।

(९). महिलाहरुको सङ्गठन, सशक्तीकरण र विकासका सम्बन्धमा आवश्यक कार्ययोजना वनाउन र संघलाई सवल र सक्षम वनाउन सहयोग पुर्याउने काममा नेपाली कांग्रेसको विधान र नियमावली वमोजिम गठित महिला विभागसँग समन्वय कायम राखी कार्य संचालन गर्ने।

(१०) संघको विधानमा उल्लेखित विधि र प्रक्रिया अनुसार गरिने सवै तहको निर्वाचन तथा अधिवेशनमा पार्टीले पठाएको पर्यवेक्षकको रोहवरमा सम्पन्न गर्न आवश्यक व्यवस्था गर्नेछ।

(११) कम्तीमा २ महिनामा एक पटक केन्द्रीय कार्यसमितिको वैठक वस्नेछ।

(१२) नेपाल महिला संघले संगठनलाई चुस्त र दुरुस्त राख्न आवश्यकता हेरी प्रशिक्षण, गोष्ठी, तालिम कार्यक्रम सञ्चालन गर्ने एवं सम्वन्धित पत्रिका, पुस्तक प्रकाशित गर्नेछ।

(१३) महिला वर्गको वृत्ति विकासका लागि अध्ययन, अनुसन्धान, तालिम, सम्मेलन, गोष्ठी आदि विषयमा सहभागी हुने उचित अवसर प्रदान गर्न विदेशमा पठाउन सक्नेछ।

(१४) अन्तराष्ट्रिय भातृसंस्थाहरूसँग सम्पर्क तथा मैत्री सम्वन्ध कायम राखी परस्परको हितलाई संरक्षण गर्न पहल गर्ने।

(१५) लेखा परीक्षक नियुक्ति गरी संघको सबै तहको आर्थिक व्यवस्थापन स्पष्ट, पारदर्शी र नियमित राख्ने तथा लेखा परीक्षण गर्न लगाउने।



Scanned with CamScanner

## १७. केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार :

केन्द्रीय अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) महाधिवेशन, केन्द्रीय कार्यसमितिको अध्यक्षता गर्ने र आवश्यक परे निर्णयात्मक मत प्रदान गर्ने ।

(२) संघको आदर्श सिद्धान्त र मर्यादालाई उच्च राख्ने र आफ्नो संगठन सञ्चालनमा सक्षम नेतृत्व प्रदान गर्ने ।

(३) संघको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने वा गर्न लगाउने ।

(४) संघको केन्द्रीय निकाय तथा महाधिवेशनबाट पारित भएका निर्णयहरूको कार्यान्वयन गर्ने र गर्न लगाउने ।

(५) केन्द्रीय कार्यसमितिका सदस्यहरू र पदाधिकारीहरूको जिम्मेवारी तोक्ने र आवश्यकता अनुसार हेरफेर गर्ने ।

(६) यस विधानको उद्देश्य पूरा गर्न आवश्यक अन्य काम गर्ने ।

## १८. केन्द्रीय अध्यक्षको राजिनामा :

(१) केन्द्रीय अध्यक्षले राजिनामा दिन चाहेमा महासचिव मार्फत केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(२) उक्त राजिनामा तत्काल स्वीकृत गर्नुपर्ने देखिएमा केन्द्रीय कार्यसमितिले राजिनामा स्वीकृत गर्न सक्नेछ । त्यस्तो अवस्थामा उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष वनाई एक वर्ष भित्र विशेष अधिवेशन बोलाएर केन्द्रीय अध्यक्षको निर्वाचन गरिनेछ ।

(३) अन्य कुनै कारणबाट केन्द्रीय अध्यक्षको पद रिक्त हुन आएमा बाँकि अवधिका लागि उपधारा २ बमोजिम गरिनेछ ।

## १९. महासचिवको काम, कर्तव्य र अधिकार :

(१) नेपाल महिला संघको केन्द्रीय कार्यालय महासचिवको मातहतमा रहने छ ।

(२) महाधिवेशन, केन्द्रीय कार्यसमिति तथा अन्य गठित समितिहरूको निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महासचिवको हुनेछ ।

(३) महासचिवको अन्य काम, कर्तव्य र अधिकार देहायमोजिम हुनेछ :

(क) संघको केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) दैनिक कार्यसञ्चालनका लागि अध्यक्षलाई सहयोग पुऱ्याउने र महत्वपूर्ण विषयमा अध्यक्षलाई जानकारी दिने ।

(ग) संघको संगठन संरचना दुरुस्त र प्रभावकारी वनाउने र संघ सम्वन्धि गतिविधिवारे आवश्यकता अनुसार सूचना प्रवाहित गर्ने, संघको निर्णय तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।



(घ) संघ सम्वन्धी कार्यमा अध्यक्षको निर्देशन अनुसार प्रतिनिधि खटाउने ।

(ङ) केन्द्रीय कार्यसमिति र महाधिवेशनमा प्रतिवेदन र प्रस्ताव प्रस्तुत गर्ने ।

(च) संघको सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने गराउने ।

(छ) महाधिवेशन, केन्द्रीय समितिको निर्णय प्रमाणित गर्ने ।

(ज) अध्यक्षको निर्देशनमा नियमित वैठक वोलाउने ।

(झ) अध्यक्षको निर्देशानुसार अन्य कार्य गर्नु पर्ने कर्तव्य हुनेछ ।

## २०. सचिवको काम, कर्तव्य र अधिकार :

(१) महासचिव अनुपस्थित रहेको वखत महासचिवले गर्ने सवै काम गर्ने,

(२) महासचिवले प्रत्यायोजित गरेको अधिकार प्रयोग गर्ने ।

## २१. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

(१) संघका निम्ति आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने, त्यसको संरक्षण र सम्वर्द्धन गर्ने तथा सम्पूर्ण आय-व्ययको अद्यावधिक अभिलेख राख्ने ।

(२) केन्द्रीय कार्यसमितिद्वारा निर्णय गरेको वैंकमा खाता खोली केन्द्रीय अध्यक्ष, महासचिव र कोषाध्यक्षका नामबाट सञ्चालन गर्ने । कुनै दुई जनाको हस्ताक्षर हुंदा कोषाध्यक्षको हस्ताक्षर अनिवार्य गर्ने ।

(३) संघको सदस्यताबाट संकलित शुल्क, मासिक सहयोग रकम र अन्य शुभेच्छुक सहयोगीबाट प्राप्त हुने रकम संकलन गर्ने ।

(४) संकलित रकम संघको काममा केन्द्रीय कार्यसमितिको निर्णय अनुसार खर्च गर्ने । संघको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय कार्यसमिति र महाधिवेशनमा प्रस्तुत गर्ने ।

(५) केन्द्रीय कार्यसमितिले नियुक्त गरेको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराई प्रतिवेदन केन्द्रीय कार्यसमिति र महाधिवेशनमा पेश गर्ने ।

## २२. केन्द्रीय कार्यसंम्पादन समितिको गठन :

केन्द्रीय अध्यक्षको अध्यक्षतामा देहायवमोजिमका सदस्यहरू रहनेगरी केन्द्रीय कार्यसम्पादन समिति गठन गरिनेछ ।

(१) केन्द्रीय कार्यसमितिको उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सचिव केन्द्रीय कार्यसम्पादन समितिको पदेन सदस्य हुनेछन् ।

(२) केन्द्रीय कार्यसमितिले आफूमध्येबाट केन्द्रीय कार्यसम्पादन समितिका लागि बढीमा ५ जना सदस्य चयन गर्नेछ । चयनका लागि अध्यक्षले सदस्यहरुको नाम कार्यसमितिको बैठकमा प्रस्ताव गर्नेछ ।



Scanned with CamScanner

२३. **केन्द्रीय कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्रीय कार्यसमितिको एउटा वैठक र अर्को वैठकको अन्तरमा केन्द्रीय कार्यसमितिले गर्नु पर्ने काम यस समितिले गर्नेछ ।

(२) आफ्नो कामको विवरण यथासिघ्र केन्द्रीय कार्यसमितिको वैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद–६
## विभिन्न समितिहरू

२४. **अनुशासन समितिको गठन :**

(१) संघको आचार संहिता पालना गराउन र अनुशासन कायम राख्न केन्द्रीय कार्यसमितिले आफूमध्येबाट अनुशासन समिति गठन गर्नेछ ।

(२) केन्द्रीय अनुशासन समितिमा एक जना संयोजक र चार जना सदस्यहरू रहनेछन् । संयोजक र सदस्यहरुको लागि अध्यक्षले कार्यसमितिको वैठकमा नाम प्रस्ताव गर्नेछ ।

२५. **केन्द्रीय अनुशासन समितिको काम, कर्तव्य र अधिकार :**

(१) संघको उद्देश्य, नीति र आचार संहिता विरुद्ध अथवा विधानको उल्लङ्घन भयो भनी संघका पदाधिकारी तथा सदस्यहरूका विरुद्ध शिकायत गर्न आउने उजुरी सुन्ने, छाविन गर्ने र निर्णय गर्ने ।

(२) अनुशासन भंग गर्ने सदस्य र पदाधिकारीहरू माथि कारवाही गर्दा नियमावली र आचार संहिता अनुसार कसुर हेरी सम्झाउने, चेतावनी दिने, निलम्वन वा निष्काशन गर्ने । त्यस्ता कारवाही गर्दा आफ्नो सफाइ दिने मौकाबाट बाञ्चित गरिने छैन ।

(३) निलम्वन गर्दा वढीमा ६ महिना र निष्काशन गर्दा वढीमा ३ वर्षका लागि गर्न सकिनेछ ।

(४) कारवाहीमा पर्ने सदस्य वा पदाधिकारीले चित्त नबुझेको खण्डमा केन्द्रीय कार्यसमितिमा पुनरावेदन दिन सक्नेछ र महिला विभागको परामर्शमा केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।

२६. **सल्लाहकार समिति :**

संघको काम कारवाहीमा सहयोग पुऱ्याउने उद्देश्यबाट आवश्यक सम्झेमा केन्द्रीय कार्यसमितिले सल्लाहकार समिति पनि गठन गर्न सक्नेछ । सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।



२७. **केन्द्रीय निर्वाचन समिति :**

(१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल महिला संघको विभिन्न तहको निर्वाचनका लागि केन्द्रीय कार्यसमितिले केन्द्रीय निर्वाचन समिति गठन गर्नेछ ।

(२) केन्द्रीय निर्वाचन समितिमा एक संयोजक र दुई सदस्य रहनेछन् । संयोजक र सदस्यहरुको लागि अध्यक्षले कार्यसमितिको वैठकमा नाम प्रस्ताव गर्नेछ ।

२८. **केन्द्रीय निर्वाचन समितिको काम, कर्तव्य र अधिकार :**

(१) केन्द्रीय निर्वाचन समितिले नेपाल महिला संघको सबै तहको निर्वाचन सम्पन्न गर्नेछ ।

(२) कुनै पनि तहको निर्वाचन गराउन केन्द्रीय निर्वाचन समितिले आफ्नो अधिकार प्रत्यायोजन गरी निर्वाचन अधिकृत तोकी खटाउन सक्नेछ ।

(३) सबै तहको निर्वाचन गोप्य मतदानद्वारा गरिनेछ । निर्वाचन सम्बन्धी अन्य प्रकृया केन्द्रीय निर्वाचन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) केन्द्रीय निर्वाचन समितिले आफूले गरेको कार्य विवरण केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेछ ।

## परिच्छेद – ७
## विविध

२९. **निर्वाचन :**

(१) अध्यक्षका लागि उम्मेदवार हुन चाहने महाधिवेशनका सदस्यहरूले महाधिवेशनका सदस्यहरूमध्ये कम्तीमा ५ जना प्रस्तावक र ५ जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(२) केन्द्रीय महासचिव र कोषाध्यक्षका लागि उम्मेदवार हुन चाहने महाधिवेशनका सदस्यहरूले महाधिवेशनका सदस्यहरूमध्ये कम्तीमा ४ जना प्रस्तावक र ४ जना समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(३) केन्द्रीय सदस्यका लागि उम्मेदवार हुन चाहने महाधिवेशनका सदस्यले महाधिवेशनका सदस्यहरूमध्ये कम्तीमा ३ जना प्रस्तावक र ३ जना



Scanned with CamScanner

समर्थक रहेको मनोनयन पत्र निर्वाचन समितिको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(४) नेपाल महिला संघको पछिल्लो केन्द्रीय कार्यसमितिका अध्यक्ष लगायत पदाधिकारीहरू तथा सदस्यहरू महाधिवेशनका सदस्य हुनेछन् र निज सदस्यलाई महाधिवेशनमा उम्मेदवार बन्ने र मतदान गर्ने अधिकार प्राप्त हुनेछ तर यदि उक्त सदस्यले क्षेत्रीय प्रतिनिधिको निर्वाचनमा भाग लिएमा माथि उल्लेखित अधिकार (उम्मेदवार बन्ने र मतदान गर्ने) प्रयोग गर्न पाउने छैनन् ।

(५) संघको क्षेत्रीय तथा जिल्ला अध्यक्षहरू केन्द्रीय अध्यक्ष तथा पदाधिकारी एवं सदस्यमा उम्मेदवार भएमा क्षेत्रीय अध्यक्ष तथा जिल्ला अध्यक्ष पदबाट स्वतः मुक्त हुनेछन् । वडा, गाउँ, नगर, नगर वडा, तथा क्षेत्रीय अध्यक्षहरू महाधिवेशन प्रतिनिधि बाहेकका अन्य कुनै माथिल्लो निकायको पदमा निर्वाचित भएमा तल्लो निकायको पदबाट स्वतः मुक्त हुनेछन् ।

(६) नेपाल महिला संघको केन्द्रीय कार्यसमितिको अध्यक्ष र जिल्ला कार्यसमितिको अध्यक्षमा निरन्तर रुपमा दुई पदावधि भन्दा वढी हुन पाउने छैन ।

३०. **संघको कोष :**

संघको आफ्नो छुट्टै कोष रहने छ । जसमा देहायका रकमहरू रहनेछन् :

(१) संघको सदस्यता तथा सदस्यता नवीकरणबाट प्राप्त रकम,
(२) तोकिएवमोजिम संघका सदस्यहरूबाट प्राप्त हुने रकमहरू,
(३) अन्य विविध रकम ।

३१. **पदावधि :**

सवै तहका पदाधिकारी तथा सदस्यहरूको अवधि ४ वर्षको हुनेछ । असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सो को कारण खोली नेपाली कांग्रेसको अनुमति लिई वढीमा १ वर्षको अवधि बढाउन सक्नेछ ।

३२. **गणपुरक संख्या :**

समितिहरूको वैठकका लागि गणपुरक संख्या ५१% हुनेछ तर पहिलो पटक गणपुरक संख्या नपुगी दोश्रो पटक बोलाइएको वैठकका लागि गणपूरक संख्या ३३% हुनेछ ।



३३. **अविश्वासको प्रस्ताव :**

(१) संघका सवै तहका अध्यक्षका विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउनु परेमा निर्वाचकहरूको २५ प्रतिशत सदस्यहरूले अविश्वासको प्रस्ताव सम्वन्धित कार्यसमितिमा दर्ता गर्न सक्नेछन् ।

(२) यसरी दर्ता हुन आएको प्रस्ताव उपर आवश्यक छानविन गरी २ महिना भित्र सदस्यहरूको वैठक वोलाई निर्णय गर्नु पर्नेछ । यस्तो निर्णय गर्दा उपाध्यक्ष अनुपस्थित भएमा महासचिव वा सचिवले वैठकको अध्यक्षता गर्नेछ ।

(३) सम्पूर्ण सदस्य संख्याको दुई तिहाई वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ ।

३४. **निलम्वन र विघटन :**

(१) कुनै समिति निष्क्रिय वा विधान विपरित काममा संलग्न भएको देखिएमा केन्द्रीय कार्यसमितिले आवश्यक छानविन गरी त्यस्तो समितिलाई निलम्वन वा विघटन गर्न सक्नेछ । यसरी विघटन भएका समितिका स्थानमा केन्द्रीय कार्यसमितिले तदर्थ समिति गठन गर्नेछ ।

(२) सवै तहको निर्वाचन सकिएपछि महाधिवेशन हुन नसकी संघका काममा वाधा उत्पन्न भएको नेपाली कांग्रेसलाई लागेमा अर्को व्यवस्था नभएसम्म नेपाली कांग्रेस महिला विभागको सिफारिसमा केन्द्रीय तदर्थ समिति गठन गर्ने अधिकार नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिलाई हुनेछ ।

(३) केन्द्रीय कार्यसमितिले यस विधान र नेपाली कांग्रेसको सिद्धान्त र कार्यक्रम वमोजिम कार्य नगरेमा नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले नेपाली कांग्रेस महिला विभागको सिफारिसमा संघको केन्द्रीय कार्य समिति भङ्ग गरी तदर्थ समिति गठन गर्न सक्नेछ । यसरी समिति भङ्ग गर्नु पूर्व सफाइको मौका दिनुपर्नेछ ।

(४) उपधारा (२) र (३) को तदर्थ समितिले १ वर्ष भित्र अधिवेशन बोलाई संघकोकेन्द्रीय कार्यसमितिको निर्वाचन गराई हस्तान्तरण गर्नुपर्नेछ ।

३५. **राजीनामा :**

(१) केन्द्रीय अध्यक्ष वाहेक अरुले राजीनामामा दिन चाहेमा आफू जुन निकायको हो, त्यही समितिमा राजिनामा पेश गर्नु पर्नेछ र स्वीकृत गर्ने अधिकारी पनि सम्वन्धित समितिलाई नै हुनेछ । स्वीकृति गर्दा महिला विभागसँग परामर्श लिने ।

(२) क्षेत्रीय प्रतिनिधिले राजीनामा दिंदा क्षेत्रीय अध्यक्ष मार्फत जिल्ला अध्यक्षलाई दिनु पर्नेछ ।



Scanned with CamScanner

(३) महाधिवेशन प्रतिनिधिले राजीनामा दिंदा जिल्ला अध्यक्ष मार्फत केन्द्रीय अध्यक्षलाई दिनुपर्नेछ ।

३६. **रिक्त स्थानको पूर्ति :**

(१) कुनै कारणले संघको कुनै पनि समितिमा रिक्त हुन आउने स्थानका लागि यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक जुन प्रकृयाबाट चयन भएको हो, सोही प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

(२) रिक्त हुन आएको स्थान १ वर्ष भन्दा कम अवधिका लागि कार्यसमितिले सहवरण गर्न सक्नेछ ।

३७. **विधान संशोधन :**

(१) विधान संशोधन गर्नु परेमा महाधिवेशनमा उपस्थित सदस्य संख्याको दुई तिहाइ बहुमतले संशोधन गर्न सक्नेछ ।

(२) संशोधित विधान नेपाली कांग्रेसको केन्द्रीय समितिबाट अनुमोदित भए पछि लागु हुनेछ ।

(३) विशेष परिस्थितिमा विधान संशोधित गर्नु परेमा संघको केन्द्रीय कार्यसमितिले संशोधित विधान स्वीकृत गरी नेपाली कांग्रेस केन्द्रीय समितिमा प्रस्तुत गर्न सक्नेछ, उक्त विधान नेपाली कांग्रेस केन्द्रीय समितिबाट अनुमोदित भई लागु भएपनि पछि वस्ने महाधिवेशनबाट पनि अनुमोदन भने गराइनेछ ।

३८. **नियमावली बनाउने :**

यो विधान अनुसार केन्द्रीय कार्यसमितिले आवश्यक नियमावली र आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

३९. **संघको झण्डा, चिन्ह र कार्यालय :**

(१) **छाप र चिन्ह :**

केन्द्रीय कार्यसमितिले तोके अनुसार सबै तहमा एकै किसिमको झण्डा, छाप र चिन्ह हुनेछ ।

(२) **कार्यालय :**

संघको केन्द्रीय कार्यालय काठमाडौं र अन्य कार्यालयहरू आ-आफ्नो जिल्ला र क्षेत्रमा रहनेछन् ।



४०. **विविध :**

(१) संघको निर्देशन प्रत्येक सदस्यका लागि सर्वोपरि अनुलङ्घनीय हुनेछ ।

(२) सबै तहमा मनोनयन गर्दा समावेशी सिद्धान्त भौगोलिक, सामाजिक र अन्य महत्वपूर्ण पक्षको सन्तुलित प्रतिनिधित्व गराउन ध्यान दिनुपर्ने छ ।

(३) संघका सबै तहमा समितिले संघका निम्ति योगदान दिएका र दिनसक्ने विशिष्ट व्यक्तिलाई आफ्नो वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(४) संघका कुनै पनि निकाय वा पदाधिकारीले आफू अन्तरगत रहेका निकाय वा पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(५) जिल्ला, क्षेत्र, गाउँ, नगर तथा नगर वडाका अध्यक्ष पद मृत्यु वा राजीनामाको कारणले रिक्त हुन गएमा सम्वन्धित समितिका उपाध्यक्ष कार्यवाहक अध्यक्ष हुनेछ। उपाध्यक्ष नभएको अवस्थामा सम्वन्धित कार्यसमितिले कार्यवाहक अध्यक्षको चयन गर्नेछ । यसरी रिक्त हुन आएको अध्यक्ष पदमा ६ महिना भित्र विधान वमोजिम निर्वाचन गरी पदपूर्ति गरिनेछ। महाधिवेशन तोकिएको अवस्थामा वा ६ महिना भित्र महाधिवेशनको मिति तोकिएकोमा अध्यक्षका लागि अलग्गै निर्वाचन गर्नु पर्नेछैन ।

(६) केन्द्रीय कार्यसमितिले नेपाली कांग्रेसबाट मान्यता प्राप्त स्वदेश वाहिर काम गरी बसेका नेपाली महिलाहरूको संस्थालाई महाधिवेशनमा तोकिएवमोजिम संख्यामा प्रतिनिधित्व गराउन सक्नेछ ।

४१. **सङ्क्रमणकालीन व्यवस्था :**

यो संशोधन विधान प्रारम्भ हुँदाका वखत कायम रहेको नेपाल महिला संघका सबै तहका सदस्य, पदाधिकारीहरू यस विधान अनुसार नयाँ निर्वाचन नभएसम्म कायम रहनेछ ।

४२. **बचाउ :**

यो विधान लागुभएपछि नेपाल महिला संघ तदर्थ समितिले गरेका सबै काम कारवाहीहरू यसै विधान अनुसार भए गरेको मानिनेछ ।

४३. **विधानको व्याख्या र वाधा अडकाउ फुकाउने अधिकार :**

यो विधानको व्याख्या गर्ने र वाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । विधानको व्याख्या गर्ने र वाधा अड्चन फुकाउने विषयम विवाद वा द्विविधा भएमा नेपाली कांग्रेस महिला विभाग मार्फत केन्द्री कार्यसमितिमा लगी केन्द्रीय कार्यसमितिको राय अन्तिम हुनेछ ।

****



Scanned with CamScanner